संविधानसभा सदस्य उप-निर्वाचन २०७१

# पर्यवेक्षण प्रतिवेदन

आम निर्वाचन पर्यवेक्षण समिति, नेपाल
GENERAL ELECTION OBSERVATION COMMITTEE, NEPAL (GEOC)

# आमनिर्वाचन पर्यवेक्षण समिति, नेपाल

## कार्यसमिति



**श्री हिमालय शम्सेर राणा**
अध्यक्ष
नेपाल नागरिक मञ्च - अध्यक्ष



**श्री कोमल प्रकाश घिमिरे, वरिष्ठ अधिवक्ता**
सदस्य
नेपाल कानून समाज - अध्यक्ष



**श्री भरत बहादुर थापा**
सदस्य
पूर्व कर्मचारी सेवा परिषद्, नेपाल - अध्यक्ष



**श्री उदय नेपाली श्रेष्ठ**
सदस्य
इन्टरनेशनल कमिशन अफ जुरिष्ट - कार्यकारी सदस्य



**प्रो. श्री चिरञ्जीवि खनाल**
सदस्य
नेपाल प्रेस इन्ष्टिचयुट - निर्देशक



**श्री सुनीता रेग्मी**
सदस्य
ग्रामीण विकास प्रतिष्ठान - कोषाध्यक्ष



**श्री खिमराज रेग्मी**
सदस्य
नेपाल नागरिक समाज - अध्यक्ष



**श्री गणेशकुमार मण्डल**
सदस्य
मधेशी नागरिक समाज - संयोजक



**श्री हस्तबहादुर गुरूङ**
सदस्य
खोज पत्रकारिता केन्द्र - महा-सचिव



**श्री बबिता बस्नेत**
सदस्य
मिडिया एड्भोकेसी ग्रुप - अध्यक्ष



**श्री कृष्णमान प्रधान**
सदस्य सचिव
नेपाल कानून समाज - कार्यकारी निर्देशक

## संविधानसभा सदस्य उप-निर्वाचन २०७१

# पर्यवेक्षण प्रतिवेदन

आम निर्वाचन पर्यवेक्षण समिति, नेपाल
GENERAL ELECTION OBSERVATION COMMITTEE, NEPAL (GEOC)

# प्रकाशकीय

संविधानसभा सदस्यका लागि दोस्रो पटक २०७० मंसिरमा निर्वाचन सम्पन्न भई संविधानसभा संविधान निर्माणमा जुटेको छ । अघिल्लो निर्वाचनमा दुई-दुई स्थानबाट निर्वाचित हुने चार सभासदले एक-एक वटा निर्वाचन क्षेत्र छोडेकाले काठमाण्डौ क्षेत्र नं. २, चितवन क्षेत्र नं. ४, बर्दिया क्षेत्र नं.  र कैलाली क्षेत्र नं. २ जिल्लाका एक एक निर्वाचन क्षेत्रमा २०७१ असार ८ मा निर्वाचन सम्पन्न भएको हो । विगतमा झैं आम निर्वाचन पर्यवेक्षण समिति, नेपाल (जियोक) ले उप-निर्वाचनको पर्यवेक्षण गरेको छ । निर्वाचन व्यवस्थापनका प्रत्येक प्रक्रिया र क्रियाकलापबारे विस्तृत रुपमा जानकारी हासिल गर्ने उद्देश्यले यस उप-निर्वाचनमा निर्वाचन केन्द्रको सुरक्षा व्यवस्था, मतदान केन्द्र, विद्युतीय मतदान तथा निर्वाचन परिणामबारे पर्यवेक्षण गरिएको थियो ।

उप-निर्वाचन पर्यवेक्षणमा जियोकका दशवटै सदस्य संस्थाले भाग लिए । यस पटक जियोकले ८५ पर्यवेक्षकहरुको व्यवस्था गरेको थियो । जियोकका राष्ट्रिय पर्यवेक्षक र १,१४० मतदाताहरुबाट प्राप्त जानकारीलाई प्रतिवेदनको रुपमा लिपिबद्ध गर्ने श्री गोविन्ददास श्रेष्ठप्रति जियोक आभार व्यक्त गर्दछ । प्राप्त जानकारीलाई कोडिङ गरी तथ्याङ्कलाई तालिकामा प्रस्तुत गर्नुहुने श्री अश्वत्थामा पोखरेल र भाषा सम्पादनमा सहयोग गर्नुहुने श्री माधव घिमिरेलाई धन्यवाद दिन्छु ।

मस्यौदामा बहुमूल्य सुझावहरु उपलब्ध गराई सहयोग प्रदान गर्नु हुने जियोकका कार्यकारी सदस्यहरुलगायत नेपाल कानून समाजका कार्यकारी निर्देशक श्री कृष्णमान प्रधान धन्यवादका पात्र हुनुहुन्छ । निर्वाचन पर्यवेक्षणका सम्बन्धमा नीतिगत रुपमा सुझाव प्रदान गर्नाका साथै पर्यवेक्षण कार्यमा सक्रिय भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण राष्ट्रिय पर्यवेक्षकहरुलाई जियोक विशेष धन्यवाद ज्ञापन गर्दछ । त्यसैगरी जिल्लास्तर, नगर र गाउँस्तरका पर्यवेक्षकहरुले निर्वाचन प्रक्रिया र व्यवस्थापनको पूर्ण रुपमा पर्यवेक्षण गरी विस्तृत रुपमा प्रतिवेदन तयार गरी सहयोग गरेकोमा जियोकको तर्फबाट धन्यवाद ज्ञापन गर्दछु ।

निर्वाचन पर्यवेक्षणको सम्पूर्ण कार्यक्रममा शुरुदेखि अन्त्यसम्म विभिन्न सहयोग गर्ने श्री गणेशमान प्रधान, श्री भवानी कायष्ठ, श्री नाईल श्रेष्ठ, श्री एलिना श्रेष्ठ, श्री सञ्जु पाठकलाई धन्यवाद ज्ञापन गर्दछु ।

जियोकलाई निर्वाचन पर्यवेक्षण अनुमति प्रदान गरी निर्वाचनसम्बन्धी आवश्यक जानकारी उपलब्ध गराई सहयोग गर्ने निर्वाचन आयोग, गृह मन्त्रालय, जिल्ला निर्वाचन अधिकृत, राजनीतिक दल, उम्मेदवार, मतदाता, पर्यवेक्षक, पत्रकार, नागरिक समाज लगायत सम्पूर्ण महानुभाव र संस्थाहरुप्रति आभार सहित धन्यवाद व्यक्त गर्दछु ।

निर्वाचन पर्यवेक्षण कार्य र प्रतिवेदन प्रकाशन गर्न आर्थिक सहयोग गरी जियोकप्रति विश्वास र सदाशय प्रकट गर्नु भएकोमा महामहिम नर्वेली राजदूत र नर्वेली राजदुतावासलाई जियोकका तर्फबाट हार्दिक धन्यवाद दिन्छु ।

श्रावण २०७१

हिमालय शम्सेर ज.ब.रा
अध्यक्ष
आम निर्वाचन पर्यवेक्षण समिति, नेपाल

# सारसङ्क्षेप

मंसिर २०७० को निर्वाचनमा दुई दुई क्षेत्रबाट निर्वाचित हुने चार सभासद्ले एक-एक निर्वाचन क्षेत्र छोडेका कारण रिक्त स्थानका लागि २०७१ असारमा उप-निर्वाचन सम्पन्न भयो । यो उपनिर्वाचनमा २०७० मा जस्तो असहज अवस्था थिएन । निर्वाचन  स्वच्छ, निष्पक्ष र विश्वसनीय ढङ्गबाट सम्पन्न भयो ।

यस पटक पर्यवेक्षणका लागि जियोकले जम्मा ८५ पर्यवेक्षकहरु खटाएको थियो । यो निर्वाचनको उद्देश्य मतदान र मतगणनाको सम्पूर्ण प्रक्रियाको लगातार पर्यवेक्षण गर्ने रहेकोले  ५७ मतदान केन्द्रमा पूरा दिनको पर्यवेक्षणको व्यवस्था गरिएको थियो । प्रत्येक मतदान केन्द्रमा महिला र पुरुषगरी २० जना मतदातासँग प्रश्नावली मार्फत उपनिर्वाचनबारे उनीहरुको प्रतिक्रिया र विचार संकलन गरिएको थियो ।

निर्वाचन पर्यवेक्षण र प्रतिवेदन तयार गर्नाका लागि नर्वेली राजदूतावासबाट सहयोग प्राप्त भएको हो ।

निर्वाचन आयोगले नियमित कार्यक्रम अनुसार मतदाता नामावली अद्यावधिक गर्नुका साथै निर्वाचन व्यवस्थापनलाई प्रभावकारी बनाउन मतदान प्रक्रिया, मतगणना, आचार संहिता उल्लंघन र विवाद निरुपणसम्बन्धी मौजुदा कानूनमा सुधारका साथै यसको प्रचलनमा स्पष्टताका लागि कार्यविधिसमेतको व्यवस्था गरेको थियो । यसबाट स्थानीय तहमा अधिकारीहरु आचार संहिता उल्लंघन जस्ता कार्यमा सक्रिय हुन मद्दत पुगेको थियो । आयोग आचार संहिता उल्लंघनका विषयमा केही कठोर रुपमा प्रस्तुत भएकोमा सराहना भएको छ ।

मतदाता परिचयपत्रको व्यवस्थाले मतदानलाई स्वच्छ बनाउन ठूलो सहयोग पुगेको थियो परिचयपत्र वितरण जस्तो कार्यमा भने अपेक्षित सुधार आउन सकेको देखिएन ।

उप-निर्वाचनमा विद्युतीय मतदानको व्यवस्थाले मतदान छिटो छरितो भएको पाइयो । विद्युतीय मतदानमा देखिएका केही कमी कमजोरीहरुका सम्बन्धमा सुधार गर्न प्राथमिकता साथ अगाडि बढ्नुपर्ने देखिएको छ । निर्वाचनमा मतदाताको सहभागितालाई यसले ठूलो सहयोग पुर्‍याएको थियो ।

विद्युतीय मतदानको व्यवस्था, मतदान यन्त्रलाई निर्वाचन अधिकृतको कार्यालयसम्म ढुवानीका लागि गरिएको  व्यवस्थामा आएको स्पष्टताले स्वच्छ र निष्पक्ष निर्वाचनको उद्देश्यमा ठूलो सहयोग पुगेको देखियो ।

प्रश्नावलीको माध्यमबाट यो उप-निर्वाचनबारे मतदाताहरुको विचार सोधिएकोमा उप-निर्वाचन स्रोत साधनको अपव्यय मात्र नभई मतदाताको अपमान पनि हो भन्ने विचार व्यक्त गर्नुकासाथै दुई निर्वाचन क्षेत्रबाट उम्मेद्वार हुनपाउने प्रणाली नै हटाउनुपर्ने विचार प्रकट गरिएको छ ।

मुलुकको राजनीतिक अवस्था सामान्यीकरणतर्फ गएकोले उप-निर्वाचनमा सुरक्षाको प्रश्न चुनौतिको विषय थिएन । नेपाल प्रहरी र सशस्त्र प्रहरीवलले निर्वाचनमा सुरक्षाको व्यवस्था सुनिश्चित गरेको पाइयो ।

आगामी दिनमा निर्वाचन व्यवस्थापनमा सुधारका विषयलाई प्राथमिकताका साथ सम्बोधन गर्नुपर्ने विषय देहायमा उल्लेख गरिएकोछः-

- मतदाता नामावली त्रुटिरहित बनाउन थप प्रयास गर्नुपर्ने । मतदाता नामावलीको स्वतन्त्र परीक्षण ९बगमष्त० आवश्यक छ ।

- मतदाता परिचयपत्र अस्थायी किसिमको भएकोले यसलाई लेमिनेशन गरी उपलब्ध गराउनुपर्ने ।
- दुइ निर्वाचन क्षेत्रबाट उम्मेदवार हुनपाउने हालको व्यवस्थामा जनताबाट असंन्तोष व्यक्त भएकोले दुइ क्षेत्रबाट उठ्न नपाउने गरी कानूनमा सुधार गर्नु पर्ने ।
- वृद्ध र अशक्त मतदातालाई मतदान केन्द्रसम्म जानआउन सवारी अनुमतिपत्रको व्यवस्था वा अन्य उपयुक्त व्यवस्था गर्ने ।
- विद्युतीय मतदान शिक्षा प्रभावकारी रुपमा गर्न थप प्रयास गर्नुपर्ने ।
- मतदान एकाइको प्यानेलको रङ्ग हल्का भएको, आकार स्यानो भएको, कम उज्यालो भएको स्थानमा मतदाताले निकै समस्या भोग्नु परेको थियो । मतदान बटनको स । निर्वाचन चिन्हलाई नै मतदान बटनको रुपमा व्यवस्था गर्ने वा अन्य उपयुक्त विकल्पबारे विचार गर्ने ।
- आचार संहिताको व्यवस्थाका बारेमा छलफल गरी हाते पर्चा जस्ता सामग्री मात्र राख्न पाउने व्यवस्था गर्नेबारे विचार गर्ने । विद्युतीय प्रचारमा नियन्त्रण गर्नुपर्ने । आचार संहिता लागू गर्न नसकिने प्रकृतिका प्रावधानबारे पुनर्विचार गर्ने ।
- खेतिपातिको समयमा निर्वाचन गर्दा मतदाताहरुको सक्रिय सहभागिता हुन सहज नभएको हुँदा निर्वाचनको मिति तोक्दा मौसमलाई ध्यान दिनुपर्ने ।
- महिला कर्मचारी र महिला प्रहरीको संख्या बढाउनुपर्ने ।
- निर्वाचनमा खटिएका कर्मचारीहरुमा थप प्रशिक्षणको आवश्यकता रहेको ।

# विषय–सूची


प्रकाशकीय ..... क

सारसंक्षेप ..... ग

परिच्छेद १ संविधानसभा सदस्य उपनिर्वाचन र निर्वाचन पर्यवेक्षण

१.१ विषय प्रवेश ..... १

१.२ पर्यवेक्षण विधि ..... १

परिच्छेद २ निर्वाचन वातावरण र आचार संहिता पालना

२.१ निर्वाचन वातावरण ..... ३

२.२ जनताको उत्साह ..... ३

२.३ आचार संहिता पालना ..... ३

२.४ सुरक्षा व्यवस्था..... ४

२.५ लैङ्गिक सम्बेदनशीलता ..... ४

२.६ आम सञ्चार माध्यम ..... ५

परिच्छेद ३ निर्वाचन व्यवस्थापन

३.१ निर्वाचन व्यवस्थापन ..... ७

३.२ मतदान केन्द्रको तयारी र मतदान ..... ७

३.३ मतदाता परिचयपत्रको व्यवस्था ..... ८

३.४ विद्युतीय मतदान यन्त्रको प्रयोग ..... ८

३.५ मतदानपछिका प्रक्रिया ..... ९

३.६ मतगणना ..... ९

३.७ राजनीतिक दलका प्रतिनिधिहरुको प्रतिक्रिया ..... ९

३.८ मतदान अधिकृतको प्रतिक्रिया ..... ९

३.९ मतदाताहरुको सहभागिता ..... १०

३.१० मतदान केन्द्रको सुरक्षा र व्यवस्थापन ..... १०

परिच्छेद ४ मतदाताका दृष्टिमा उपनिर्वाचन

४.१ निर्वाचन प्रणाली ..... १३

४.२ आचार संहिता पालना ..... १५

४.३ निर्वाचनमा निष्पक्षता ........ १५
४.४ निर्वाचनमा डरत्रास ........ १६
४.५ सुरक्षा व्यवस्था ........ १६
४.६ लैङ्गिक सम्बेदनशीलता ........ १७

परिच्छेद ५ निष्कर्ष र सुझाव
५.१ निष्कर्ष ........ १९
५.२ सुझाव ........ २२

अनुसूची १: प्रमुख तीन दलले प्राप्त गरेका तुलनात्मक मत ........ २३
अनुसूची २: पर्यवेक्षकको नामावली ........ २४

परिच्छेद

१

# संविधानसभा सदस्य उप–निर्वाचन र निर्वाचन पर्यवेक्षण

## १.१ विषय प्रवेश

### उप–निर्वाचनको सन्दर्भ

संविधानसभा सदस्यका लागि मङ्सिर २०७० मा आम निर्वाचन सम्पन्न भई दोस्रो पटक संविधानसभाको गठन भएको हो । यो निर्वाचनमा चार उम्मेदवारहरु दुई-दुई स्थानबाट निर्वाचित भएका कारण यी उम्मेदवारहरुले काठमाण्डौ-२, चितवन-४, बर्दिया-१ र कैलाली-६ निर्वाचन क्षेत्रहरु छाडेकाले यी चार क्षेत्रहरुमा असार ८, २०७१ मा उप-निर्वाचन सम्पन्न भयो । द्वन्द्वपश्चात्को संक्रमणकालीन राजनीतिक वातावरण र नेकपा-माओवादी लगायत ३३-दलीय गठबन्धनले गरेको निर्वाचन बहिष्कार र निर्वाचन विथोल्न भएको हिंसात्मक क्रियाकलापका बीच मङ्सिर ४, २०७० मा सम्पन्न निर्वाचन चुनौतिपूर्ण थियो भने हालको निर्वाचनका समयमा त्यस्तो स्थितिको सामना गर्नुपर्ने अवस्था थिएन ।

### उप–निर्वाचन पर्यवेक्षणको उद्देश्य

असार २०७१ मा भएको यो उप-निर्वाचन पर्यवेक्षण चार निर्वाचन क्षेत्रमा सीमित भएकोले पर्यवेक्षणको उद्देश्य मूलतः आयोगको व्यवस्थापकीय पक्षमा केन्द्रित छ । यो पर्यवेक्षणले मतदान र मतगणनाका चरणहरुको विस्तृत रुपमा जानकारी लिएको छ । यसका लागि मतदान केन्द्रको सुरुदेखि अन्त्यसम्मको कृयाकलापका गुणात्मक जानकारी लिने अभिप्रायले पर्यवेक्षण कार्य जम्मा ५७ मतदान केन्द्रमा सीमित गरिएको थियो । पर्यवेक्षकको संख्या मतदान केन्द्रमै स्थिररहने टोली र मोबाइल टोली गरी जम्मा ८५ रहेको थियो । स्याम्पल साइज स्यानो आकारको भएकोले जानकारीहरुको संकलन परिमाणात्मक र गुणात्मक मिश्रित किसिमको रहेको छ । पर्यवेक्षणबाट निर्वाचनको व्यवस्थापकीय पक्षसंग सम्बन्धित अथवा मतदाता नामावली प्रकाशन, मतदाता परिचयपत्र वितरण, मतदान प्रक्रियाको सञ्चालन, मतदानमा निष्पक्षताका साथै पर्यवेक्षकको मतदान केन्द्रमा प्रवेशजस्ता विषयबारे जानकारी लिइएको थियो । यसका अतिरिक्त मतदान र मतगणना स्वतन्त्र र निष्पक्ष रुपमा सम्पन्न गराउने क्रममा पर्नसक्ने उजुरीको तत्काल सम्बोधनजस्ता विषयहरु पनि पर्यवेक्षणमा समावेश छन् । यस सिलसिलामा विश्लेषणका लागि मतदाताहरुबाट प्रश्नावलीको माध्यमबाट परिमाणात्मक जानकारी पनि लिइएको छ ।

उप-निर्वाचन पर्यवेक्षणमा जिल्लाको निर्वाचनपूर्वको राजनीतिक परिदृष्य, सुरक्षा व्यवस्था, आचार संहिता पालनाको स्थिति र संचार माध्यमको भूमिकाको समीक्षा पर्यवेक्षकहरुबाट प्राप्त गुणात्मक प्रतिवेदनहरुमा आधारित छ ।

## १.२ पर्यवेक्षण विधि

निर्वाचन, मतदान र मतगणनाका चरणहरुको विस्तृत जानकारी हासिल गर्न तीनवटा प्रश्नावलीहरु प्रयोग गरिएका थिए । पहिलो दुई प्रश्नावलीबाट विहान मतदान सुरु हुनुभन्दा अगावै मतदान केन्द्रको तयारीदेखि मतदान केन्द्र बन्द हुने समयसम्मका विवरण र निर्वाचनका सम्बन्धमा मतदाताहरुको अनुभव र प्रतिक्रिया प्राप्त हुन्छ ।

पहिलो दुई प्रश्नावली मतदान केन्द्र पर्यवेक्षकले भर्ने व्यवस्था गरिएको थियो भने मतगणनासम्बन्धी तेस्रो फाराम अन्तर्गतका विवरण जिल्ला पर्यवेक्षकबाट सङ्कलन गरिएको थियो ।

प्रतिवेदनमा समावेश गर्न जिल्ला र मोबाइल टोलीका राष्ट्रिय पर्यवेक्षकले निर्वाचन क्षेत्रको राजनीतिक परिदृष्य, आचार संहिता पालनाको स्थिति, सुरक्षा व्यवस्था, मतदातालाई प्रभाव पार्न आर्थिक प्रलोभनको प्रयोग र सञ्चार माध्यमको भूमिकाबारे संक्षिप्त विवरण केन्द्रमा पठाउने व्यवस्था गरिएको थियो । फाराममहरुबाट प्राप्त तथ्यांक र जिल्ला पर्यवेक्षकबाट सङ्कलित विवरणको विश्लेषण गरी यो प्रतिवेदन तयार गरिएको छ ।

प्रत्येक मतदान केन्द्र पर्यवेक्षकले १० महिला र १० पुरुष मतदातासँग फाराम १ बमोजिमका प्रश्नावलीबाट जम्मा १,१४० मतदाताहरुका विचार सङ्कलन र फाराम-२ बाट मतदान प्रक्रियाका सम्पूर्ण जानकारी सङ्कलन गर्ने व्यवस्था गरिएको थियो ।

जिल्ला एवं राष्ट्रिय पर्यवेक्षकका लागि सम्बन्धित जिल्लामै एक दिवसीय अभिमुखीकरण तालिमको व्यवस्था गरिएको थियो । यसका लागि केन्द्रबाट राष्ट्रिय पर्यवेक्षकहरु खटिएका थिए ।

परिच्छेद

२

# निर्वाचन वातावरण र आचार संहिता पालना

## २.१ निर्वाचन वातावरण

मंसिर २०७० को आम निर्वाचनपछि संविधानसभा गठन भई मुलुक संविधान निर्माणमा जुटेको अवस्था भएकोले जिल्लाको निर्वाचनपूर्वको राजनीतिक वातावरण सामान्य भएको देखियो । जिल्लामा सामान्यतया उम्मेदवारलाई जेष्ठ १८ गते निर्वाचन चिन्ह प्रदान भएपछि मात्र निर्वाचनको चहलपहल शुरु भएको देखिन्छ । वास्तवमा एउटा उपनिर्वाचनको परिणामले देशको राष्ट्रिय राजनीतिमा खास कुनै असर नपार्ने भएकोले पनि निर्वाचन वातावरण अपेक्षाकृत नतातेको आभाष पाइयो । साथै, कुनै एक राजनीतिक दलका उम्मेद्वारले छोडेको निर्वाचन क्षेत्र सामान्यतः सोही दलको बढी प्रभाव हुनसक्ने भएकोले पनि उप-निर्वाचनबाट सामान्यतया ठूलो परिवर्तनको आशा कमैले राखेको अनुमान गर्न सकिन्छ ।

## २.२ जनताको उत्साह

संविधानसभामा सदस्यको लागि भएको ४ मंसिर २०७० को समयमा ३३-दलीय गठबन्धनको निर्वाचन बहिष्कार को बाबजुद आम मतदातामा संविधान बन्ने आशाले व्यक्तिगत सुरक्षाको वास्ता नगरी ठूलो उत्साहका साथ निर्वाचनमा जुटेका थिए । हालको उपनिर्वाचनमा २०७० मंसिरको तुलनामा मतदातामा त्यस्तो उत्साह भने देखिएन ।

बर्दिया-१ बाहेक अन्य निर्वाचन क्षेत्रहरु काठमाण्डौ-२, चितवन-४ र कैलाली-६ मा नगर क्षेत्रको बाहुल्यता रहेको र त्यहीका नागरिकहरु सामाजिक आर्थिक क्रियाकलापमा व्यस्त भएका कारण निर्वाचनको सवालले जनताको ध्यान तान्न नसकेको स्पष्ट हुन्छ । साथै, खेतिपातिको समय भएकोले पनि ग्रामीण क्षेत्रमा निर्वाचनबारे कमै अभिरुची रहेको देखिएको थियो । यो कुरा मतदान प्रतिशत पहिलेको ७९ प्रतिशतको तुलनामा हालको ७० प्रतिशतले पनि स्पष्ट हुन्छ । यो प्रतिशत पनि कतिपय मतदाता र विशेषगरी ग्रामीण क्षेत्रका मतदातामा विद्युतीय मतदान यन्त्र प्रयोगको आकर्षणले पनि मतदानका लागि बढी उत्सुक भएको देखियो ।

## २.३ आचार संहिता पालना

मंसिर २०७० को आम निर्वाचनको तुलनामा यो उप-निर्वाचनको त्यति ठूलो महत्व नरहेकोले पनि निर्वाचन प्रचार-प्रसार सघन रुपमा नभएको अनुभव हुन्छ । तथापि, आचार संहिताको पालना गर्ने विषयमा राजनीतिक दल र दलका उम्मेद्वारहरु त्यति जिम्मेवारीपूर्वक अभियानरत भएको भने देखिएन । प्रचारको सिलसिलामा एउटाको पोष्टरमाथि अर्को दल वा उम्मेदवारको पोष्टर टाँस्ने, निर्वाचनको प्रयोजनका लागि क्यालेण्डर बनाई वितरण गर्ने, उपहार दिने, भोजभतेर आयोजना गर्ने, मौन अवधिमा पनि प्रचार-प्रसारमा जुट्ने गरेको देखियो । यस्तो अवस्था सबै निर्वाचन क्षेत्रमा सामान्यतया देखिए पनि चितवन र कैलालीका निर्वाचन क्षेत्रहरुमा भने आचार संहिता उल्लङ्घनका घटनाहरुमा सरकारमा रहेका मन्त्रीहरुको ओहोदाको प्रयोगसम्बन्धी व्यवहार आपत्तिजनक रह्यो । उदाहरणका लागि चितवन-४ मा प्रधानमन्त्री सुशील कोइरालाको प्रतिनिधिको रुपमा प्रस्तुत गरी मत मागेको विषयमा अन्य राजनीतिक दलबाट गुनासो व्यक्त भए अनुसार प्रमुख निर्वाचन अधिकृतको कार्यलयबाट सम्बन्धित दललाई आवश्यक सुधार गर्ने

निर्देशन दिएको जानकारीमा आयो । यसैगरी, उद्योग मन्त्री कर्णबहादुर थापाले २०७१ असार ४ गतेका दिन धनगढी क्याम्पस रोड चोकमा नेकपा एमालेले आयोजना गरेको चुनावी सभालाई सम्बोधन गरेकोमा अन्य राजनीतिक दलले विरोध गरेका थिए । यस विषयमा निर्वाचन आयोगले उद्योग मन्त्री कर्णबहादुर थापालाई निर्वाचन आयोग ऐन, २०६३ बमोजिम रु १०० जरिवाना गर्ने निर्णय गरेको सार्वजनिक भएको थियो । यस घटनाका अतिरिक्त असार ६ गते फूलवारी गाविसस्थित डिपो बजारमा नेकपा एमालेले मौन अवधिमा प्रचार-प्रसार गरेको भन्ने आरोप लगाएकोमा दुई दलका कार्यकर्ताहरु बीच झडप भएको थियो । मोटरसाइकल तोडफोड र आगजनीको आरोपमा एमालेका दुइ कार्यकर्ताविरुद्ध सीमा प्रहरी चौकी बहुलियामा किटानी जाहेरी दिएको जानकारीमा आयो ।

चितवनमा आर्थिक चलखेल भएका घटनाहरु चर्चामा आए । प्राय सबै जिल्लामा भोजभतेर आयोजना गरिएको जानकारीमा आउनुकासाथै मतदानका दिन खाजाको बन्दोवस्त  सबै मुख्य दलले गरेको पनि जानकारीमा आयो । काठमाण्डौ क्षेत्रमा केही दलहरुले तोकिएको भन्दा बढी विना अनुमतिपत्रका सवारी साधन चलाएकोमा यस्ता सवारी साधनहरुलाई निर्वाचन आयोगले कब्जामा लिएको जानकारीमा आयो ।

## २.४ सुरक्षा व्यवस्था

संविधानसभा सदस्यका लागि २०७० मंसिरमा भएको आम निर्वाचनपछि सुरक्षाको स्थिति सामान्य हुँदै गएबाट हालको उप निर्वाचनमा सुरक्षाका सम्बन्धमा कुनै समस्या देखिएन । निर्वाचनका लागि आवश्यक सुरक्षाको प्रबन्ध सन्तोषजनक रह्यो । यस पटक विगतमा जस्तो नेपाली सेना परिचालन गर्नु परेन । नेपाल प्रहरी र सशस्त्र प्रहरीबाट आवश्यक सुरक्षाको व्यवस्था गरिएको थियो । घुम्ती (मोबाइल) टोलीको परिचालन प्रभावकारी रह्यो । सुरक्षा टोली प्रायजसो मतदान केन्द्रमा दुइदिन पहिलेदेखि परिचालन गरिएको थियो ।

सुरक्षाको यो व्यवस्थाले मतदानस्थल, मतदान केन्द्र, मतदाता र मतदान केन्द्रमा खटिएका कर्मचारीहरु सुरक्षित थिए । निर्वाचन क्षेत्रमा प्रवेश गर्ने नाकाहरुमा सुरक्षाकर्मीहरुले सवारी साधनको जाँच गरी अनुमति पत्र नभएका यस्ता साधनहरुको प्रवेशमाथि रोक लगाएका थिए । उप-निर्वाचनमा सुरक्षाको चुनौती केही नरहेको परिप्रेक्ष्यमा राजमार्ग नै बन्द गर्नुपर्ने बारेमा र मतदान स्थलमात्र सुरक्षित गर्ने व्यवस्था गरे पुग्ने विकल्पबारे त्यति विचार भने नपुऱ्याएकोमा जनताको गुनासो भने रह्यो । प्रत्येक मतदानस्थल र मतदान केन्द्रमा एकदेखि तीनको संख्यामा महिला प्रहरी खटाइएको थियो । प्रहरीको घुम्ती टोलीको व्यवस्थाले दुर्गम स्थानमा मतदान केन्द्रमा आई मतदान गर्ने मतदाताहरुले आफूलाई सुरक्षित महसुस गरेको पाइयो ।

केही निर्वाचन क्षेत्रमा दलका कार्यकर्ताहरु बीच कुटपिट, आगजनी, र हिंसात्मक घटना भएको जानकारीमा आयो ।

## २.५ लैङ्गिक संवेदनशीलता

मतदानस्थल र मतदान केन्द्रको व्यवस्था महिला मैत्री थियो । महिलाहरुका लागि अलग लाइन र शौचालयको व्यवस्था गरिएको थियो । निर्वाचनमा खटिएका कर्मचारीहरुमा महिलाको संख्याको अनुपात सन्तुलित थियो । स्वयंसेवकहरुको नियुक्तिमा महिलाहरुको उपस्थिति हुने गरी व्यवस्था गरिएको थियो । औंलामा नमेटिने मसी लगाउने काममा महिला स्वयंसेवककै व्यवस्था गरिएको थियो । विगतमा केही केन्द्रमा औंलामा मसी लगाउने काम पुरुष कर्मचारीबाट भएकोमा विशेष गरी तराईका केही जिल्लामा महिलाहरुले अप्ठेरो परिस्थितिको अनुभव यसपालि गर्नु परेन । यसपटक पनि कतिपय मतदान केन्द्रको व्यवस्थापन पूर्णतया महिलाहरुले सम्हालेका थिए । यस्ता केन्द्रहरुमा प्रहरी पनि सबै महिला नै खटिएका थिए ।

पर्यवेक्षणको क्रममा जियोकबाट खटाइएका पर्यवेक्षकहरुको प्रतिवेदनबाट महिला भएको नाताले मतदाताले कुनै विभेदको सामना गर्नु परेन । सबै क्षेत्रहरुका महिला मतदाताहरुको उपस्थिति उल्लेखनीय रह्यो ।

## २.६ आम सञ्चार माध्यम

स्वच्छ, निष्पक्ष र विश्वसनीय ढङ्गबाट निर्वाचन सम्पन्न गर्न आम सञ्चार माध्यमको ठूलो भूमिका रहने भएको ले संविधानसभा सदस्य निर्वाचन आचार संहितामा सञ्चार माध्यमको पालना गर्नुपर्ने आचारण तोकिएको हो । आमसञ्चार माध्यमको जिम्मेवारी जनतामा निष्पक्ष र स्वतन्त्र ढङ्गबाट समाचार सम्प्रेषण गर्नु हो । कुनै पनि समाचार सम्प्रेषण गर्दा पक्षपात नगरी बस्तुनिष्ठ ढङ्गले गर्नु पर्दछ । यसका साथै जनतालाई सुसूचित गर्न निर्वाचनसँग सम्बन्धित समाचारलाई प्राथमिकतासाथ छाप्नु पर्ने आचरण तोकिएको छ ।

उप-निर्वाचनको प्रचारको सिलसिलामा समग्रमा सञ्चार माध्यमको भूमिका आमजनतालाई बस्तुनिष्ठ समाचार सम्प्रेषण गर्ने जिम्मेवारीको पालना भएको छ । स्थानीय केही सञ्चार माध्यमले आचार संहिता उलंघन हुने गरी कुनै उम्मेदवारको प्रचार तथा प्रसार गरेकोमा प्रमुख निर्वाचन अधिकृतको ध्यान आकर्षण भई सो सञ्चार माध्यमलाई आचार संहिता पालना गर्न अनुरोध गरिएको जानकारीमा आयो ।

परिच्छेद

# ३ निर्वाचन व्यवस्थापन

## ३.१ निर्वाचन व्यवस्थापन

निर्वाचन व्यवस्थापनको सिलसिला आयोगबाट मतदाता नामावली अद्यावधिक गर्ने नियमित कार्यदेखि नै शुरु हुन्छ । हालको चार निर्वाचन क्षेत्रमा मतदाताको संख्या मंसिर २०७० को २,३५,८४५ मा १५,४५९ थपिई जम्मा २,५१,३०४ पुगेको छ । मतदाता नामावली तयार गर्ने सिलसिलामा परिचयपत्र समेत वितरण गरिएको थियो । उप-निर्वाचन भएको चार निर्वाचन क्षेत्रमा महिला ९ र पुरुष ६७ गरी जम्मा ७६ उम्मेदवार प्रतिस्पर्धामा खडा थिए । यसमध्ये स्वतन्त्र १६ र राजनीतिक दलका ६० उम्मेद्वार थिए । स्वतन्त्र उम्मेदवारमा पनि काठमाण्डौ-२ बाट १४ थिए भने चितवन-४ र बर्दिया-१ मा एक-एक स्वतन्त्र उम्मेद्वार निर्वाचनमा खडा थिए भने कैलाली-७ मा एक जना पनि स्वतन्त्र उम्मेद्वार थिएनन् ।

यी चार स्थानमा मतदानका लागि मतदानस्थल र मतदान केन्द्रको संख्या १३७ र ३२४ रहेका थिए । मतदानको व्यवस्थापनका निमित्त आयोगले जम्मा ३,५६४ कर्मचारी खटाउने व्यवस्था गरेको थियो ।

निर्वाचन आयोगले संविधानसभा सदस्य उप-निर्वाचन काठमाण्डौ क्षेत्र नं २ लगायत जम्मा चार निर्वाचन क्षेत्रमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको निर्वाचन कार्यक्रम प्रकाशित गरे अनुसार २०७१ जेष्ठ ११ गते उम्मेद्वारको मनोनयन दर्ता गर्ने दिन तोकिई उम्मेदवारको अन्तिम नामावली जेष्ठ १७ गते प्रकाशित भई जेठ १८ गते निर्वाचन चिन्ह प्रदान गरेको थियो । यी चार निर्वाचन क्षेत्रमा २०७० मंसिरमा सम्पन्न निर्वाचनमा विजयी हुने उम्मेद्वारले छोडेका कारण उप-निर्वाचनको कार्यक्रम रहन गएको हो ।

## ३.२ मतदान केन्द्रको तयारी र मतदान

मतदानको तयारी मतदानपूर्वका क्रियाकलापहरुमा भर पर्दछ । यी प्रक्रियाका साथै मतदान सम्पन्न गर्न विद्युतीय मतदान मिसिन लगायत आवश्यक सबै निर्वाचन सामग्री पुगिसकेको कुरा जानकारीमा आयो । केन्द्रको सुरक्षा गर्न एकदेखि तीनजना महिला प्रहरी सहितको प्रहरीको टोली खटिएका थिए । कर्मचारीहरु कतिपय स्थानमा अघिल्लो दिनदेखि आएर बसेका थिए । निर्वाचनको सफल व्यवस्थापनको लागि गर्नुपर्ने कार्यका लागि पर्यवेक्षकहरुबाट बिहान ७.०० बजे भन्दा पहिलेदेखि मतदान सम्पन्न नभएसम्मका प्रत्येक प्रक्रियाबारे जानकारी लिइएको थियो । वर्षातको समय भएकोले मतदानका दिन पानी परेमा के गर्ने भन्ने स्पष्ट निर्देशनको अभावमा त्रिपालको व्यवस्था कसरी गर्ने भन्ने कुरामा अन्यौल देखियो । कहिंकहिं स्थानीय संघ संस्थाले त्रिपालको व्यवस्था गरिदिएको पाइयो । मतदान केन्द्रको तयारीका लागि छुट्याइएको बजेट यसको लागि पर्याप्त नभएको जानकारीमा आयो । मतदानका दिन केही स्थानमा पानी परेकोले हतार-हतार मतदान कक्ष सार्नुपरेको र मतदान केही ढिलो सुरु भएको थियो ।

कहिकहि दुर्गम ठाउँमा मतदान केन्द्र स्थापना गर्न गएका कर्मचारीहरु अघिल्लो दिन पानी परेको कारण फर्कन सम्भव नभई खान बस्ने तयारी विना रात बिताउनु परेको पनि थाहा हुन आयो ।

विद्युतीय मतदान यन्त्रको पहिलो पटक प्रयोग भएकोले मतदाताहरु विशेष गरी ग्रामीण र पाका उमेरका मतदाताहरुमा यसको प्रयोगबारे जानकारी कम रहेको स्पष्ट देखिन्थ्यो । मतदाता अलमलिई बटन थिचेर मतदान गरिसकेपछि आफूले रोजेका उम्मेदवारलाई कसरी मत दिने भनी सोधेको पनि पाइयो । कतिपय त आफूले रोजेको उम्मेदवारको मत चिन्ह राम्ररी पहिल्याउन नसकेको कारण अगाडि जुन बटन थियो त्यसैमा थिचेको र कतिपयले त निर्वाचन चिन्हमा थिचेको कुरा थाहा हुन आयो । मतदान केन्द्रमा मतदान अधिकृत वा खटिएका कर्मचारीले पटक-पटक मेसिनको प्रयोगबारे प्रदर्शन पनि गरेका थिए । तथापि, आफुले बटन थिची मतदान गरिसकेपछि मतदान भयो भन्ने कुरामा मतदाता विश्वस्त हुन नसकेको पनि पाइयो ।

अशक्त मतदाता वा विरामी मतदातालाई सहयोग गर्नेबारेमा भने मतदान केन्द्रबीच व्यवहारमा एक रुपता देखिएन । कतिपय मतदान अधिकृतले आफै गई सहयोग गरेको देखियो जुन निर्देशिकाको मनसाय बमोजिम थिएन । चितवन मतदान अधिकृत सुदिपप्रसाद तिमिल्सिनाले मतदाताको इच्छा विपरितको बटनमा थिच्न लगाई मतदान गराएको भनी हल्लाका कारण मतदान करिव पाँच मिनेट अबरुद्ध भयो । त्यसैगरी शारदानगर मावि मतदान केन्द्रमा अशक्त व्यक्ति आफैले मतदान गर्नुपर्ने वा निजको परिवारका सदस्य वा मतदान अधिकृत वा मतदान अधिकृतको दलका व्यक्तिहरुमध्ये कसले सहयोग गर्ने मतदान गर्ने भन्ने विषयमा राजनीतिक दलका प्रतिनिधिहरुले विवाद निकालेका कारण बिहान ९ बजे देखि करिव १५ मिनेट मतदान कार्य अबरुद्ध भयो । निर्देशिकाले यस्तो अवस्थामा मतदाताले अनुरोध गरे बमोजिम निज मतदाताको आफन्त वा पत्यारको मानिससँग सहयोग लिनसक्ने व्यवस्था गरेको छ । मतदान अधिकृतले त त्यस्तो काममा “सहयोग पुऱ्याउने व्यवस्था” सम्म गर्न सक्छ ।

## ३.३ मतदाता परिचयपत्रको व्यवस्था

मतदानमा परिचयपत्रका कारण नाम रुजु गर्ने प्रक्रिया एकदमै सरल भएको सबैको अनुभव छ । यसले लाइनमा धेरैबेर बस्न नपरेको मात्र होइन फर्जी मत खस्ने सम्भावना पनि न्यून भएकोछ । तर, मतदाता परिचयपत्र प्रदान गर्ने प्रक्रियामा भने समस्या रहेको पाइयो । चितवन शिवनगर गाविस वडा नं. ३ की एक महिला मतदाताले परिचयपत्र नबोकेको कारण मतदाता नामावलीमा नाम भएर पनि मतदान गर्नबाट बञ्चित भएको पाइयो । त्यसैगरी, कैलाली जिल्लाको एउटा वडाका मतदाताका परिचयपत्र वितरणको जिम्मा लिएको व्यक्तिलेनै समयमा वितरण नगरेको पाइयो । कतिपयले अस्थायी परिचयपत्र भनि सुरक्षित नगरेकोले यस्ता मतदातासँग परिचयपत्र साथमा नभएकोले परिचय खुलाउने अन्य कागजातको आधारमा मतदान गरेको देखियो । कैलाली-६ निर्वाचन क्षेत्रका केही मतदान केन्द्रमा परिचयपत्र एक जनाको तर मत अर्कैले खसालेर गएको पाइयो । मतदान अधिकृतको भनाई अनुसार मतदाता नामावलीमा नाम एउटाको छ भने मतदाता परिचयपत्र अर्कैको भएकोले समस्या आएको जानकारीमा आयो ।

## ३.४ विद्युतीय मतदान यन्त्रको प्रयोग

केही मतदान केन्द्रहरुमा, उदाहरणका लागि काठमाण्डौ-२ को सरस्वती उमावि कोटेश्वर मतदान केन्द्र (घ) मा, सुरुमै मतदान एकाइ बिग्रिएको पाइयो । यसै गरी बर्दिया-१ को मोतिपुर गाविस, नेपाल राष्ट्रिय उमावि, बाँसगढी मतदान केन्द्रमा बेला-बेलामा मेसिनले संकेत नदिएकोले समस्या भएको थाहा हुन आयो ।

उप-निर्वाचनमा विद्युतीय मतदान मेसिन प्रयोग गर्ने व्यवस्थाका सम्बन्धमा मतदाता ज्यादै उत्सुक भए तापनि यसको प्रयोगबारे कर्मचारीहरु निश्चिन्त भने थिएनन् । तर यो नयाँ प्रयोग सफलतापूर्वक कार्यान्वयनमा आयो भने मतदान छिटो-छिटो गर्न सकिएकोले लाइनमा धेरै बेर बस्नु पर्दैन । यदाकदा केही कठिनाई नभएको चाहिं होइन । मतदान एकाइ र नियन्त्रण एकाइको निर्वाचन अघि सदरमुकाममा दल र उम्मेदवारका प्रतिनिधिका रोहवरमा प्रमुख निर्वाचन अधिकृतको कार्यालयमा प्रयोग गरी मेसिनले काम गरेको र सबै उम्मेदवारको नाम, निर्वाचन चिन्ह र

मतदान गर्ने बटनबारे सबैलाई जानकारी गराई सील गरिएको थियो । र, सो सिल मतदानको दिनमा मतदान गर्नु भन्दा पहिले दल तथा उम्मेद्‌वारका प्रतिनिधिको रोहवरमा खोली प्रदर्शन गरिएको थियो ।

## ३.५ मतदानपछिका प्रक्रिया

मतदान समाप्तिमा मतदान एकाई र नियन्त्रण एकाइ बन्द गरी सील आदि लगाउने प्रक्रिया संविधानसभा सदस्य उप-निर्वाचन, मतदान अधिकृत निर्देशिका, २०७१ अनुसार सम्पन्न गरिएको पाइयो । यस्तो मुचुल्कामा राजनीतिक दल र उम्मेदवारका प्रतिनिधिहरुले सही गरेका थिए । प्रमुख निर्वाचन अधिकृतको कार्यालयसम्म मतदान यन्त्र ढुवानी गर्ने सवारी साधनमा निर्देशिका अनुसार इच्छुक दल वा उम्मेद्‌वारका प्रतिनिधिहरु पनि सँगै जानसक्ने व्यवस्था मिलाइएको थियो । यसको उपयोग दलहरुले गरेको पनि पाइयो ।

## ३.६ मतगणना

मतगणनाको प्रक्रिया पनि संविधानसभा सदस्य उप-निर्वाचन (विद्युतीय) मतगणना निर्देशिका, २०७१ बमोजिम सम्पन्न भएको चारवटै निर्वाचन क्षेत्रबाट प्राप्त पर्यवेक्षकको प्रतिवेदनबाट स्पष्ट हुन्छ । मतगणनाको काम मेसिन आफैले गर्ने भएकोले मतगणना छिटो मात्र होइन विवादरहित ढङ्गबाट सम्पन्न भयो । सोही राती मतगणना शुरु भई भोलिपल्ट दिउँसो अथवा असार ९, २०७१ मतगणनाको अन्तिम परिणाम सार्वजनिक भए ।

अन्तिम परिणाम अनुसार काठमाण्डौ-२ मा दिपकप्रसाद कुँइकेल, नेपाली कांग्रेस, चितवन-४ मा रामकृष्ण घिमिरे, नेपाली कांग्रेस, बर्दिया-१ मा श्यामप्रसाद ढकाल, एमाले र कैलाली-६ मा पुष्करनाथ ओझा, नेपाली कांग्रेस विजय भए (अनुसूची १) । यी चार क्षेत्रमा मंसिर २०७० को निर्वाचनको तुलनामा नेपाली कांग्रेसले यो उपनिर्वाचनमा १० प्रतिशत बढी मत ल्यायो । त्यसैगरी, एनेकपा (माओवादी) को पनि दुई प्रतिशतले बढी मत आयो भने नेकपा एमाले को मत १५ प्रतिशतले घटेको देखियो (अनुसूची १) ।

## ३.७ राजनीतिक दलका प्रतिनिधिहरूको प्रतिक्रिया

पर्यवेक्षणको क्रममा मतदान केन्द्रमा रहेका दलका प्रतिनिधिहरुको विचारमा निर्वाचन स्वतन्त्र, निष्पक्ष र भयर हित वातावरणमा सम्पन्न भएकोमा सबै सहम थिए । जम्मा चार निर्वाचन क्षेत्रमा सीमित भएको निर्वाचनले राष्ट्रिय राजनीतिमा त्यति ठूलो असर नगर्ने भएकोले जिल्लामा त्यति ठूलो चासो नरहेको अनुभव भयो । निर्वाचनमा धाँधली हुने अनुमान पनि कसैले गरेको देखिएन ।

उप-निर्वाचनको क्षेत्र बास्तवमा दलहरुको आआफ्नो प्रभाव क्षेत्र हुने भएकोले पनि अन्य दललाई त्यति ठूलो चासो नभएको देखियो । मतदान अधिकृत, सुरक्षाकर्मी र निर्वाचनमा खटिएका कर्मचारीहरुले आफ्नो जिम्मेवारी निष्पक्षताकासाथ पूरा गरेकोमा सबै सहमत थिए ।

## ३.८ मतदान अधिकृतको प्रतिक्रिया

मतदान अधिकृतहरुले मतदान सञ्चालन गर्न कुनै कठिनाई भोग्नु नपरेको बताए । राजनीतिक दलका कार्यकर्ताहरुबाट राम्रो सहयोग पाइयो । मतदान निर्वाध रुपले सम्पन्न भयो । यसका कारणबारे थप प्रश्न गर्दा विद्युतीय मतदान मेसिनका कारणले मतदान छिटो छरितो हुनमा मद्दत पुगेको भनाई रह्यो । मतदाताले लामो लाइनमा बस्न पनि परेन, भीडभाड भएन ।

केही मतदाता विशेषत: बुढापाका र महिलाहरुलाई विद्युतीय मतदान उपकरणको बारेमा सम्झाउनु पर्‍यो । विद्युतीय मतदान उपकरण र मत प्रकट गर्ने स्वीचको बारेमा थप प्रदर्शन पनि गर्नुपर्‍यो । पर्यवेक्षणको सिलसिलामा काठमाडौं-२ मूलपानी नेरा उमावि (क) मा एक महिला घरकै एक सदस्यसमेत गोप्य मतदान एकाइमा गएर सहयोग गर्न अगाडि आएकोमा मतदान अधिकृतले निजलाई सम्झाई मतदान अधिकृत आफै गई मेसिनबारे थप जानकारी दिई मतदानको काम सम्पन्न गराए । कतिपय मतदाताले मतदान सम्पन्न भएको संकेत विद्युतीय मेसिनले नै एउटा आवाज मार्फत दिने व्यवस्थालाई रमाइलो मानेको पनि पाइयो ।

राजनीतिक दल वा उम्मेदवारबाट आचार संहिता सामान्यतया पालना भयो । पोष्टरको साइज, रङ्ग, पर्चा आदि समग्रमा मापदण्ड अनुसार नै रह्यो । व्यक्तिगत घरका पर्खालमा केही मात्रामा पोष्टर टाँसेको भने पाइयो । एउटा दलको पोष्टर माथि अर्को दलको पोष्टर टाँसेको पाइए तापनि यसमा उजुर आदि आएन । पोष्टरहरु धेरैजसो विद्युतीय लाईन अथवा टेलिफोन पोलहरुमा टाँसेको पाइयो । दल वा उम्मेदवारको प्रचारमा अस्वस्थ प्रतिस्पर्धा भएन । मतदानमा कुनै अवरोधको सामना गर्नु परेन ।

## ३.९ मतदाताहरूको सहभागिता

मतदानमा मतदाताहरुको सहभागिता राम्रो रह्यो । खेतिपातिको समय भएकोले बिहान कम मत खसेको पाइयो भने दिनको समयमा बढी मत खस्यो । मतदाताको घुइचो भएन, लाइनमा धेरैबेर बस्नु परेन । एकजना मतदान अधिकृतले त भीड नभएको देख्दा यतिका संख्याका मतदान भएकोमा दर्शक वा आगन्तुकलाई आश्चर्य भएको हुन सक्छ भन्ने अनुमान समेत गरे ।

मतदाताले भीड नभएको कारण मतदान केन्द्रमा प्रवेशमा कुनै कठिनाई भोग्नु परेन । प्राय सबैसँग मतदाता परिचयपत्र रहेको पाइयो । मतदाता परिचयपत्र साथमा नहुनेले मतदान केन्द्रबाट प्रतिलिपि पाउनसक्ने व्यवस्था पनि गरिएको थियो । नयाँ दर्ता भएका मतदाताले भने एक दुई बाहेक सबैले परिचयपत्र ल्याएको पाइयो । एकजना मतदान अधिकृतलाई प्रश्न गर्दा प्रतिलिपि निशुल्क पाउने व्यवस्था समेत भएको बताए । विद्युतीय मतदान मेसिनको प्रयोगमा यदाकदा बुढापाकालाई समस्या भए पनि अन्य उमेरका मतदाताका लागि अप्ठेरो भएको पाइएन । काठमाडौं-२ लप्सेफेदीको एउटा केन्द्रमा मतदानमा केही अलमलिएको जस्तो लागेपछि दुइ बृद्धालाई मतदानपछि बाहिर प्रश्न गर्दा समस्या नभएको बताए । नाङ्लेभारेमा भने एकजना मतदाताले मोबाइल फोन प्रयोग गर्ने गरेको कारणले कुनै कठिलाई नभएको बताए । विद्युतीय मतदान मेसिनको प्रयोगबारे सामान्यतया मतदाताको प्रतिक्रिया राम्रो रह्यो ।

केही मतदान अधिकृतले विद्युतीय मतदान मेसिनबारे मतदातामा जानकारी कम भएकोले समस्या आएको विचार व्यक्त गरे । एकजना अधिकृतले त मतदाताले मेसिनमा बटन दबाएर मतदान गरिसकेपछि मैले भोट कहाँहाल्ने भनी सोधेको बताए । बास्तवमा केही संख्यामा हडबडी वा अज्ञानतावश गलत उम्मेदवारलाई मतदान गर्न पुगेको अनुमान गर्न सकिन्थ्यो । विद्युतीय मतदान मेसिनमा उम्मेदवारको नाम र निर्वाचन चिन्ह हल्का नीलो रङ्गको भएकोले आफ्नो उम्मेदवारको चिन्ह खोज्न समय लागेको देखियो ।

## ३.१० मतदान केन्द्रको सुरक्षा तथा व्यवस्थापन

मतदान केन्द्रको सुरक्षा व्यवस्था उपयुक्त थियो । एकदेखि तीनजना महिला प्रहरी केन्द्रहरुमा खटिएका थिए । सुरक्षा व्यवस्था सन्तोषजनक पाइयो । सुरक्षाकर्मी र कर्मचारीहरुले आआफ्ना जिम्मेवारी अनुसार काम गरेको पाइयो । पर्यवेक्षणको सिलसिलामा उनीहरुको स्वभाव शिष्ट रहेको र सोधेका प्रश्नहरुको उत्तर पाउन कुनै कठिनाई भएन । मतदान केन्द्रको तयारी र व्यवस्थापनमा सानातिना कमजोरीहरु रहे तापनि मतदान केन्द्रको सञ्चालनमा कुनै अवाञ्छित प्रभाव परेन ।

मतदाताको नाम रुजु गर्ने क्रममा काठमाडौं-२ इन्द्रायणी गाविस भवन (क) केन्द्रमा मतदानको संख्या र पोलबुकमा जनाइएको संख्यामा फरक परेकोले केही समय अन्योल भएपनि मतदान अधिकृतले मतदान मेसिनको नियन्त्रण एकाइसँग भिडाई मिलान गरेको थाहा हुन आयो ।

परिच्छेद
४

# मतदाताका दृष्टिमा उप–निर्वाचन

उप-निर्वाचन प्रक्रियाका बारेमा यसभन्दा अगाडिका परिच्छेदहरुमा पर्यवेक्षण प्रतिवेदनहरुका आधारमा निर्वाचन प्रक्रिया र त्यसको व्यवस्थापन पक्षको समीक्षा प्रस्तुत गरिएको थियो । पर्यवेक्षणका क्रममा मतदाताहरुलाई प्रश्नावलीको माध्यमबाट उप-निर्वाचनवारे उनीहरुको विचार बुझ्न केही प्रश्नहरु सोधिएको थियो । यसरी सोधिएका मतदाताहरुका संख्या चार निर्वाचन क्षेत्रका सबै उमेर समूह र महिला, पुरुष गरी जम्मा १,१४० मतदाताहरु थिए । तिनीहरुबाट प्राप्त प्रतिक्रियाहरुको विश्लषण यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

तालिका १. पर्यवेक्षण प्रश्नावलीमा भाग लिने मतदाता संख्या

| लिंग | काठमाण्डौ | चितवन | बर्दिया | कैलाली | जम्मा |
|---|---|---|---|---|---|
| महिला | १३० | १५१ | १४१ | १५१ | ५७३ |
| पुरुष | १३० | १४९ | १३९ | १४९ | ५६७ |
| जम्मा | २६० | ३०० | २८० | ३०० | १,१४० |

प्राप्त प्रतिक्रियाहरुलाई निर्वाचन प्रणाली, राजनीतिक पक्ष, स्वच्छ निर्वाचन, आचारसंहिता पालना, मतदातालाई डरत्रास, सुरक्षा स्थिति र लैङ्गिक संवेदनशीलता जस्ता पक्षहरुमा विभाजन गरी समीक्षा गरिएको छ ।

## ४.१ निर्वाचन प्रणाली

मंसिर २०७० को निर्वाचनपछि सोही प्रयोजनका लागि मतदानमा दोस्रो पटक आउनु पर्दा कस्तो लागेको छ भन्ने प्रश्नको उत्तरमा ६२ प्रतिशत मतदाताले आफ्नो नागरिक हक प्रयोग गरेको उत्तर दिए भने ४४ प्रतिशतले स्रोत साधन र समयको अपव्यय, पहिले दिएको मतको अनादर वा राज्यको ढुकुटीको दुरुपयोग भने । यो प्रश्नमा बहुउत्तरको व्यवस्था भएकोले कूल प्रतिशत १०० भन्दा बढी देखिएको हो । यो प्रतिशत काठमाण्डौ-२ मा ७३ रहेको छ भने चितवन-४ मा ३५, बर्दिया-१ मा ३४ र कैलाली-६ मा ३८ प्रतिशत । यो प्रश्नको उत्तरमा एउटा ढाँचा (pattern) स्पष्ट देखिन्छ । त्यो हो नगर र ग्रामीण क्षेत्रका मतदाताबीचको सोच अथवा प्रतिक्रिया । यस सिलसिलामा मतदाताहरुले एक व्यक्ति दुइ क्षेत्रबाट निर्वाचनमा उम्मेदवार हुने प्रणालीका विरुद्धमा कडा प्रतिक्रिया व्यक्त गरेको पाइएको छ । यस्तो प्रतिक्रिया चारै क्षेत्रबाट आएपनि काठमांडौ र कैलाली जिल्लाहरुमा बढी थिए ।

तालिका २: मंसिर २०७० को निर्वाचनपछि सोही प्रयोजनका लागि मतदानमा दोस्रो पटक आउनु पर्दा कस्तो लागेको छ ? (बहुउत्तर)

| कारणहरु | काठमाण्डौ | चितवन | बर्दिया | कैलाली | जम्मा |
|---|---|---|---|---|---|
| नागरिक हक प्रयोग गरेको | ४५.८ | ६७.० | ६८.६ | ६३.७ | ६१.७ |
| स्रोत, साधन र समयको अपव्यय | ३०.८ | १८.३ | १२.१ | २०.० | २०.१ |
| पहिले दिएको मतको अनादर | ४१.९ | १७.० | १५.४ | १८.० | २२.५ |
| राज्यको ढुकुटीको दुरुपयोग | ०.४ | | ६.१ | | १.६ |
| कानूनी प्रक्रिया हो जस्तो लाग्यो | - | ०.३ | - | - | ०.१ |
| आफ्नो प्रतिनिधि जिताउन अर्को अवसर | ०.४ | ०.३ | - | - | ०.२ |


माथि उल्लेख गरिएजस्तै यस तालिकामा पनि वहुउत्तरको व्यवस्थाले कुल प्रतिशत १०० भन्दा देखिएको छ । यो उप-निर्वाचनमा मतदान गर्न आउन कुन कुराले प्रेरित गऱ्यो भन्ने प्रश्नमा काठमाण्डौ-२ का मतदाताले उम्मेदवारको कारणले ३८ प्रतिशत र दलका कारण भन्नेहरुको प्रतिशत ४२ रह्यो । अर्थात, व्यक्तिलाई भन्दा दल (संस्था) माथि आफ्नो विश्वास रहेको संकेत गरेको छ, यो प्रतिशत अन्य क्षेत्रहरुमा दलभन्दा व्यक्तिलाई माथि राखिएको पाइन्छ ।

तालिका ३: तपाईलाई पुन: मतदान गर्न आउन कुन-कुन कुराले प्रेरित गरे जस्तो लाग्छ? (बहुउत्तर)

| कारणहरु | काठमाण्डौ | चितवन | बर्दिया | कैलाली | जम्मा |
|---|---|---|---|---|---|
| उम्मेदवारको कारणले | ३७.७ | ४४.३ | ४०.४ | ४४.७ | ४१.९ |
| दलको कारणले | ४१.९ | ३६.७ | ३५.७ | २६.० | ३४.८ |
| दलहरुको प्रचार-प्रसारको कारणले | १८.८ | ११.० | २१.४ | १३.३ | १६.० |
| सञ्चार माध्यमको कारणले | १८.८ | १२.० | १२.५ | १६.३ | १४.८ |
| अन्य (परिवार/आफै/स्वेच्छाले | १९.६ | १०.३ | ५.० | ३.० | ९.२ |

गत मंसिर २०७० को निर्वाचनमा जुन दललाई मत दिनु भयो आज पनि त्यही दल वा फरक दललाई आफ्नो मत दिनुभयो भन्ने प्रश्नमा काठमाण्डौ-२ का ६४ प्रतिशत मतदाताले पहिलेकै दलको पक्षमा दिएको बताए भने ३६ प्रतिशतले फरक दललाई । अन्य निर्वाचन क्षेत्रमा पहिलेकै दल भन्नेहरुको प्रतिशत चितवन-४ मा ७४, बर्दिया-१ मा ७१ रह्यो भने कैलाली-६ मा ७५ प्रतिशत ।


तपाईंले गत मंसिर २०७० मा जुन दललाई भोट हाल्नु भयो
आज पनि त्यही दललाई भोट हाल्नु भयो कि फरक दललाई हाल्नु भयो ?



## ४.२ आचार संहिता पालना

उप-निर्वाचनमा प्रचार-प्रसारमा खर्च गर्न पाउने सीमाभित्र रहे वा नरहेको सम्बन्धमा चारै निर्वाचन क्षेत्रको औसत प्रतिशत सीमाभित्र रहेन भन्नेमा ३० प्रतिशत रहेकोमा काठमाण्डौ-२ मा १९, चितवन-४ मा ३२, बर्दिया-१ मा ३९ र कैलाली-६ मा २८ प्रतिशत रह्यो ।

यस पटकको संविधानसभा सदस्य निर्वाचनमा दलहरुले प्रचार-प्रसारमा
गरेको खर्च आचार संहिताले तोकेको सीमाभित्र रह्यो, रहने ?




उम्मेदवारले प्रचार-प्रसारमा आचारसंहिता पालना कतिको गरे जस्तो लाग्छ भन्ने प्रश्नको उत्तरमा पालना गरेनन् भन्नेहरुको चारै क्षेत्रको औसत प्रतिशत २२ रह्यो । यो प्रतिशत निर्वाचन क्षेत्रहरु जस्तो कि उदाहरणका लागि काठमाण्डौ-२ मा २३, चितवन-४ मा २६, बर्दिया-१ मा २४ र कैलाली-६ मा १६ प्रतिशत रह्यो ।

तालिका ४: निर्वाचनमा भाग लिने राजनीतिक दल तथा उम्मेदवारले
निर्वाचन प्रचार-प्रसार आचार संहिताको पालना कतिको गरे जस्तो लाग्छ ?

| कारणहरु | काठमाण्डौ | चितवन | बर्दिया | कैलाली | जम्मा |
|---|---|---|---|---|---|
| पूर्ण पालना गरे | ७१.९ | ७३.३ | ७५.० | ८३.७ | ७६.१ |
| पालना गरेनन् | २२.७ | २६.० | २४.३ | १५.७ | २२.१ |
| थाहा भएन | ५.४ | ०.७ | ०.७ | ०.७ | १.८ |

## ४.३ निर्वाचनमा निष्पक्षता

निर्वाचन निष्पक्ष भयो भन्नेहरुको सरदर प्रतिशत ९० रहेकोमा यो प्रतिशत काठमाण्डौ-२ मा ८४, चितवन-४ मा ९५, बर्दिया-१ मा ८७ र कैलाली-६ मा ९५ प्रतिशत रहेको पाइयो । भएन भन्ने २ प्रतिशतलाई थप के कारणले भएन भन्ने प्रश्नको उत्तरमा कुनै दलले आचार संहिता पालना नगरी फाइदा लिएकोमा ५२ प्रतिशत, आर्थिक प्रलोभनबाट मतदातामा प्रभाव भन्नेहरु ५९ र कतिपय दलका प्रतिनिधि वा स्वयंसेवकको भूमिका र व्यवहार स्वीकार गर्न सकिने मापदण्ड भन्दा बाहिर रहेको भन्नेहरुको प्रतिशत ३७ देखियो । यो प्रश्न पनि बहुउत्तर प्रकृतिको भएकोले

कूल प्रतिशत १०० भित्र नआउने स्मरणीय छ । यो विषयमा चर्चा गर्दा निष्पक्ष भएन भन्ने छ जनामा एक जनाले कर्मचारीले मतदानका लागि स्वीकृति दिंदा मतदाताबीच पक्षपात भएको भन्ने छ । यो संख्या ज्यादै सानो भए पनि निष्पक्ष निर्वाचनका लागि खटिएका कर्मचारीहरुको यस्तो व्यवहार निर्वाचन आयोगको स्वच्छ, निष्पक्ष र विश्वसनीय निर्वाचनको उद्देश्यसँग मेल खादैन ।

तालिका ५: तपाईंको विचारमा यो संविधानसभा सदस्य निर्वाचन निष्पक्ष भयो/भएन ?

| कारणहरु | काठमाण्डौ | चितवन | बर्दिया | कैलाली | जम्मा |
|---|---|---|---|---|---|
| भयो | ८३.५ | ९४.७ | ८७.१ | ९४.७ | ९०.३ |
| भएन | २.३ | १.३ | ३.९ | १.७ | २.३ |
| भन्न सकिन्न | १४.२ | ४.० | ८.९ | ३.७ | ७.५ |

## ४.४ निर्वाचनमा डरत्रास

यस विषयमा प्रश्न यस प्रकार थियो- कुनै राजनीतिक दल वा उम्मेदवार विशेषलाई मत दिनु भनेर कतैबाट डर, त्रास, लोभलालच देखाइएको थियो? यो प्रश्नमा ९७ प्रतिशत मतदाताले थिएन भनी उत्तर दिएका थिए । यस विषयमा चार निर्वाचन क्षेत्रबीच प्रतिशतमा खास अन्तर थिएन । उत्तर ९५ देखि ९८ प्रतिशतबीच रहेको थियो ।

तालिका ६: कुनै राजनीतिक दल/उम्मेदवार विशेषलाई भोट दिनुपर्छ भनेर कतैबाट तपाईंलाई डर, त्रास, लोभ, लालच देखाइएको छ ?

| कारणहरु | काठमाण्डौ | चितवन | बर्दिया | कैलाली | जम्मा |
|---|---|---|---|---|---|
| छ | १.९ | २.० | ४.६ | ५.० | ३.४ |
| छैन | ९८.१ | ९८.० | ९५.४ | ९५.० | ९६.६ |
| जम्मा | २६० | ३०० | २८० | ३०० | १,१४० |

## ४.५ सुरक्षा व्यवस्था

निर्वाचनमा सुरक्षा व्यवस्था कस्तो छ भन्ने प्रश्नको उत्तरमा राम्रो र ठीकै भन्ने मतदाताहरुको चारै क्षेत्रका सरदर प्रतिशत ९९ रहेकोमा काठमाण्डौ-२ को प्रतिशत ९५ थियो । अन्य क्षेत्रका प्रतिशत १०० नै रह्यो ।

तालिका ७: संविधानसभा सदस्य निर्वाचनमा सुरक्षा व्यवस्था कस्तो लाग्यो ?

| कारणहरु | काठमाण्डौ | चितवन | बर्दिया | कैलाली | जम्मा |
|---|---|---|---|---|---|
| राम्रो | ६९.२ | ६३.७ | ६५.० | ७०.७ | ६७.१ |
| ठीकै | २५.८ | ३६.० | ३४.६ | २९.३ | ३१.६ |
| असन्तोषजनक | ५.० | ०.३ | ०.४ | - | १.३ |

## ४.६ लैङ्गिक सम्वेदनशीलता

निर्वाचनमा महिलाहरुको संवेदलनशीलताको ख्याल भए नभएको अवस्थाको बारेको प्रश्नमा मतदाताहरुको राम्रो र ठीकै दुबै उत्तर जोडेर हेर्दा सबै क्षेत्रको सरदर ९९ प्रतिशत रहेको छ । यस विषयमा निर्वाचन क्षेत्रबीच फरक देखिएन, सबैमा ९९ प्रतिशत नै रहेको देखियो ।

तालिका ८: निर्वाचनको व्यवस्थापनमा लैङ्गिक सम्वेदनशीलता कस्तो लाग्यो ?

| कारणहरु | काठमाण्डौ | चितवन | बर्दिया | कैलाली | जम्मा |
|---|---|---|---|---|---|
| राम्रो | ६३.८ | ६१.३ | ५५.० | ७१.० | ६२.९ |
| ठीकै | ३४.६ | ३७.७ | ४४.३ | २९.० | ३६.३ |
| नराम्रो | १.५ | १.० | ०.७ | - | ०.८ |

परिच्छेद
५
# निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष

संविधानसभा सदस्यका लागि असार ८ गते भएको उप-निर्वाचन स्वच्छ, निष्पक्ष र विश्वसनीय ढङ्गबाट सम्पन्न भयो । मतगणना र मतगणनाको अन्तिम परिणाम घोषणा सौहार्द्रपूर्ण वातावरणमा भयो । निर्वाचन आयोगले मंसिर २०७० देखि मतदानका लागि मतदाता परिचयपत्र अनिवार्य गर्ने व्यवस्थाले यो उप-निर्वाचनमा पनि निरन्तरता पायो । पहिलो पटक विद्युतीय मतदान संयन्त्रद्वारा मतदानको व्यवस्थाले निर्वाचन आयोग निर्वाचन छिटो छरितो रुपमा सम्पन्न गर्न सफल भयो । मतदान प्रक्रिया र मतदान केन्द्रको व्यवस्थापन सामान्यतया राम्रो रह्यो । मतदानका सम्पूर्ण चरणहरु जस्तो कि मतदाताको नाम रुजु गर्ने, विद्युतीय मतदान यन्त्रको तयारी र सीलबन्दी गर्ने र मतदानपछि सीलबन्दी गर्ने, निर्वाचन अधिकृतको कार्यालयसम्म ढुवानी गर्ने, ढुवानी गर्दा दल वा उम्मेदवारका प्रतिनिधिले चाहेमा साथमा जानसक्ने र मतगणना आदि सबै व्यवस्था र प्रक्रिया राम्रोसंग सम्पन्न भए ।

हाल सम्पन्न उप-निर्वाचन प्रक्रियाको व्यवस्थापन पक्षलाई बुँदागत रुपमा देहायमा प्रस्तुत गरिएको छ ।

### मतदाता नामावली

निर्वाचन आयोगको नियमित कार्यक्रम अनुसार मतदाता नामावली अद्यावधिक गरिएको थियो । यसबाट यी चार क्षेत्रमा १५,४५९ नयाँ मतदातालाई नागरिक हकको सदुपयोग गर्ने अवसर मिल्यो । फोटोसहितको मतदाता नामावली तयार गर्ने ठूलो जिम्मेवारी आयोगको काँधमा आएको थियो । यस काममा आयोगले ठूलो परिश्रम र स्रोत साधन खर्चेको छ । तथापि, नामावलीमा मतदाताको नाम, फोटो आदिमा केही त्रुटिहरु रहन गएको पहिले जस्तै हालको निर्वाचनका अवसरमा पनि देखियो ।

### निर्वाचन उम्मेद्वारको दर्ता प्रक्रिया

निर्वाचनमा खडा हुन इच्छुक उम्मेदवारको मनोनयनपत्र दर्ता, दर्ता भएको सूची प्रकाशन, उम्मेदवारको विरोधमा उजुरी दिने र आयोगले जाँचबुझ गरी निर्णय गर्ने, उम्मेदवारको नामावली प्रकाशन र निर्वाचन चिन्ह प्रदान गर्ने कार्यक्रम सबै प्रक्रिया अनुसार सम्पन्न भए । आयोगबाट उम्मेदवारको छानवीन हुँदा केही उम्मेदवारहरु खारेज भई अन्तिम नामावाली प्रकाशन भयो । आयोगले यो काम आफ्नो जिम्मेवारी अनुसार समयमा सम्पन्न गर्‍यो ।

### निर्वाचन प्रणाली

उप-निर्वाचनको प्रासंगिकताबारेमा १,१४० मतदाताहरुलाई प्रश्नावली मार्फत सोधिएकोमा ४४ प्रतिशत मतदाताले स्रोत, साधन र समयको अपव्यय, पहिले दिएको मतको अनादर, राज्यको ढुकुटीको दुरुपयोग जस्ता प्रतिक्रियामा निर्वाचन क्षेत्र-क्षेत्रबीच निकै फरक पनि देखियो । यो प्रतिशत काठमाण्डौमा ७३, कैलालीमा ३८, चितवनमा ३५ र बर्दियामा ३४ रहेको छ । यसबाट एक भन्दा बढी स्थानबाट निर्वाचनमा उम्मेदवार बन्न पाउने नियमको निकै ठूलो संख्यामा मतदाताको असन्तुष्टी रहेको देखियो । काठमाण्डौमा कहिंकंहि यस्ता उम्मेद्वारलाई “टुरिष्ट उम्मेदवार“ भन्ने गरेको पनि सुनियो ।

## मतदान केन्द्रको स्थापना

मतदान केन्द्रको स्थापना र मतदान प्रक्रियाका सम्बन्धमा गर्नुपर्ने आवश्यक व्यवस्था समयमै सम्पन्न भयो । असार महिना भएकोले पानी पर्ने सम्भावनालाई दृष्टिगत गरी मतदान स्थलको तयारीबारे स्पष्ट व्यवस्थाको अभाव भने देखियो । केही स्थान साह्रै साँघुरो भएकोले मतदान प्रक्रियाको व्यवस्थापन मतदाता-मैत्री हुन सकेको पाइएन । मतदानको अघिल्लो दिन र मतदान केन्द्र स्थापना गरिएपछि कतिपय स्थानमा पानी, हुरी बतासले लगाइसकेको त्रिपाल आदिको पुन: व्यवस्था गर्नुपऱ्यो । फलस्वरुप, कतिपय ठाउँमा मतदान केही ढिला पनि हुनगयो ।

## मतदाता परिचयपत्र

मतदाता परिचयपत्र मतदानका लागि अनिवार्य गराउने कार्य आयोगको ठूलो उपलब्धी हो । यसले मतदानलाई छिटो छरितो र व्यवस्थित गर्न ठूलो मद्दत पुगेको अनुभव २०७० मंसिरको आम निर्वाचनका समयमा सबैले गरेको हो । तथापि, यसको कार्यान्वयन पक्षमा खट्किने केही विषयहरु भने अहिले पनि कायम रहेकै छ । परिचयपत्र वितरण गर्ने कार्यमा अपेक्षित सुधार अझै आउन सकेको पाइएन । कैलाली-६ निर्वाचन क्षेत्रको एक स्थानमा वितरण गर्ने जिम्मेवारी लिएका व्यक्तिले आफूलाई दिएको जिम्मेवारी पूरा नगरेकोले मतदाताले परिचयपत्र पाउन सकेनन् । कतिपय स्थानमा अस्थायी परिचयपत्र भनी सुरक्षित नराख्दा यस पटकको मतदान प्रक्रियामा अप्ठेरो अनुभव भयो । मतदाता परिचयपत्र र मतदाता नामावलीमा नाम फरक भएको कारणले मतदाता मतदानबाट नै वंचित हुन पुगे । केही स्थानमा परिचयपत्र नभएको र परिचय खुल्ने अन्य कागजात नभएको कारणले मतदाता मतदानबाट बञ्चित पनि हुन पुगे ।

## विद्युतीय मतदान यन्त्रको प्रयोग

विद्युतीय मतदान यन्त्रको पहिलो पल्ट चारवटै निर्वाचन क्षेत्रमै प्रयोग सफलतापूर्वक कार्यान्वयनमा आयो । यसको प्रयोगले मतदान छिटो छरितो मात्र होइन आम मतदाताले यसको प्रयोग ठूलो उत्साहका साथ स्वीकार गरे । यदाकदा मतदान एकाइ र नियन्त्रण एकाइका बीच तालमेल नभएको वा अन्य प्राविधिक कारणले कही यन्त्र नै नचलेको त कही मतदानका लागि स्वीकृति पाएको र मतदान सकिएको संकेत गर्ने आवाज नआएको कारण समस्या आयो । यी समस्यालाई नयाँ यन्त्र समेत प्रयोगमा ल्याई समाधान गरियो ।

यस विषयमा खट्केको केही विषय भने यसको व्यवस्थापकीय र मतदान शिक्षाको पक्ष नै रह्यो । मतदान अधिकृत र अन्य कर्मचारीले यसको प्रयोगबारे आवश्यक पर्दा जानकारी दिने काम पनि मतदानस्थलमा गरेका थिए । यन्त्रको प्रयोगबारे केही पाका उमेरका मतदातालाई समस्याको रुपमा रहेको थियो । तर अधिकांश मतदाताले यो नयाँ प्रयोगलाई अत्यन्तै सहजताका साथ लिएको पाइयो । यसमा समस्याका रुपमा भने अशक्त र बिरामी मतदातालाई मतदानमा सहयोग पुऱ्याउनेबारे नै रह्यो । यसबारे निर्देशिकामा भएको प्रष्ट व्यवस्थाविपरित कतिपय केन्द्रमा मतदान अधिकृतको व्यवहार निर्देशिका विपरित भएको पाइयो । यसले निष्पक्ष निर्वाचनमा आयोगलाई सहयोग पुऱ्याउदैन । कतिपय स्थानमा मतदान अधिकृत आफैले मतदातालाई मतदानमा बटन थिची सहयोग गरेको पाइयो जुन निर्देशिकामा भएको "सहयोग पुऱ्याउने व्यवस्था" सँग मेल खादैन । मतदान अधिकृतहरुले यो विषयमा आ-आफ्नै किसिमले सम्बोधन गरे । यस्तो व्यवहारबाट आयोगको निष्पक्ष निर्वाचनको भूमिकामा प्रश्न उठ्नसक्ने संभावना रहन्छ ।

## मतदानपछिका प्रक्रिया र मतगणना

यो चरणको कार्यान्वयन निर्देशिकाले निर्देश गरे बमोजिम कुशलतापूर्वक सम्पन्न भए । मतदान यन्त्रको ढुवानीका सम्बन्धमा गरिएका व्यवस्थावारे सबै सन्तुष्ट थिए । मतगणना मतदानको दिनको रातिदेखि शुरु भई भोलिपल्ट असार ९ गते दिउँसो सबै क्षेत्रका अन्तिम परिणाम उपलब्ध भए । यसमा कुनै बाधाको सामना निर्वाचन अधिकृत र आयोगले गर्नु परेन । उम्मेदवारले पाएको मत तुरुन्त सार्वजनिक जानकारी गरियो । केही मतगणना स्थल भने साँगुरो भएको कारण सबैले हेर्न, पर्यवेक्षण गर्न पाएनन् ।

## मतदाताको सहभागिता

मतदाताको सहभागिता अपेक्षाकृत राम्रो रह्यो । मतदानको प्रतिशत कैलाली-६ मा ६४, काठमाण्डौ-२ मा ६७, चितवनमा ७३ र बर्दियामा ७५ रह्यो । उप-निर्वाचन भएकोले मतदाताको सहभागिता र बर्षातको समयका कारण न्यून हुन्छ भन्ने आशंकाको विपरित मतदानको प्रतिशत राम्रो रह्यो । मंसिर २०७० को आम निर्वाचनमा भने यो प्रतिशत कैलालीमा ७५, काठमाण्डौमा ८१, चितवनमा ७९ र बर्दियामा ८३ थियो । मतदानको प्रतिशत राम्रो हुनाको पछाडि विद्युतीय मतदान यन्त्रप्रति आम जनताको उत्सुकताले ठूलो भूमिका निर्वाह गरेको कुरा चारै क्षेत्रबाट जानकारी हुन आयो ।

उपनिर्वाचनमा खसेको सरदर मत २०७० को आम निर्वाचनको ७८ प्रतिशतको तुलनामा ७० प्रतिशत मात्र रह्यो । तीन प्रमुख दलहरुले २०७० को निर्वाचनमा प्राप्त गरेको कूल मत ७५ प्रतिशतको तुलनामा उपनिर्वाचनमा ८६ प्रतिशत पुग्यो । त्यसैगरी, स्वतन्त्र उम्मेदवारले पाएको २०७० को २.३ प्रतिशतको तुलनामा अहिलेको उपनिर्वाचनमा ०.८ प्रतिशत मात्र रह्यो ।

## आचार संहिता पालना

उप-निर्वाचन भएकोले दलहरुका सामु त्यस्तो ठूलो चुनौती र प्रतिस्पर्धा नभए तापनि प्रचार प्रसार र निर्वाचन खर्चमा उल्लंघनका घटनाहरु नभएका भने होइनन् । ठूलो घटना नभए तापनि प्रचारको पोष्टरको रुपमा क्यालेण्डर, उपहार वितरण, नेपाल सरकारका मन्त्रीहरुको नाम तथा फोटो पर्चामा प्रयोग, पर्चा पोष्टर सार्वजनिक ठाउँमा टाँस्ने, एउटामाथि अर्कोले पोष्टर टाँस्ने, मौन अवधिमा प्रचार, प्राय सबै दलबाट भोजभतेर र खाजा खुवाउने आदि घटनाहरु भए । यस पटक एसएमएसको व्यापक प्रयोग भयो । निर्वाचन अधिकृतहरुले पनि उल्लङ्घनका घटनामा कारवाही गरेको पाइयो । आयोगले निर्वाचन विवाद निरुपण निर्देशिका, २०७१ मा संशोधन गरी निर्वाचन विवाद निरुपण समिति र निर्वाचन अधिकृत, मतदान अधिकृत र अनुगमन टोलीबाट हुने कारवाही कार्यविधिमा स्पष्टता र यी अधिकारीहरुलाई अधिकार सम्पन्न गरिएको थियो । नेपाल सरकारका मन्त्रीसम्मलाई पनि कारवाही गरी आयोगले निष्पक्ष निर्वाचनमा सक्रिय भएको प्रमाणित गरेको छ ।

## निर्वाचन सुरक्षा व्यवस्था

उप-निर्वाचनमा त्यति ठूलो सुरक्षा चुनौती नभएकोले र सुरक्षाको प्रबन्ध नेपाल प्रहरी र सशस्त्र प्रहरी वलले भर पर्दो व्यवस्था गरेकाले निर्वाचनमा सुरक्षाको समस्या आम मतदाताले भोग्नु परेन । गाउँका कुनाकाप्चाबाट पनि मतदाताहरुको सहभागिता राम्रो रह्यो । प्रहरी घुम्ती (मोबाइल) टोलीको व्यवस्थाका कारण मतदान केन्द्रसम्म निर्वाध आवत जावतमा मतदाता आश्वस्त थिए । विगतमा जस्तो निर्वाचनमा नेपाली सेनाको संलग्नता भएन ।

### निर्वाचनमा लैङ्गिक सम्वेदनशीलता

महिला मतदातालाई सहभागी हुन र हिंडडुल गर्न केही पनि समस्या थिएन । उनीहरु निर्धक्कसँग मतदानमा सरिक भए । मतदान केन्द्रमा महिलाकालागि छुै लाइन, महिला प्रहरीको व्यवस्था र शौचालयको व्यस्था नियमित प्रक्रिया भइसकेको छ । यसका साथै जेष्ठ नागरिक, असक्त र विरामी मतदातालाई प्राथमिकताका साथ मतदानमा सहभागी हुने व्यवस्था मिलाइएको थियो ।

## ५.२ सुझावहरू

उप-निर्वाचनमा मतदाता परिचयपत्र र विद्युतीय मतदान संयन्त्रको प्रयोगबाट मतदान प्रक्रिया धेरै प्रभावकारी र छिटो छरितो हुनाका साथै व्यवस्थापन कार्यबोझ निकै मात्रामा हलुका भयो । आचार संहिता उल्लंघनमा आयोग केही कठोर रुपमा प्रस्तुत भएकोमा सराहना भएको छ । आगामी दिनहरुमा निर्वाचनको व्यवस्थापनमा सुधारका लागि केही सुझावहरु देहायमा प्रस्तुत छः-

१. मतदाता नामावली त्रुटिरहित बनाउन थप प्रयास गर्नुपर्ने । मतदाता नामावलीको स्वतन्त्र परीक्षण (Audit) गर्ने ।

२. मतदाता परिचयपत्र अस्थायी किसिमको भएकोले यसलाई लेमिनेशन गरी उपलब्ध गराउनुपर्ने ।

३. दुइ निर्वाचन क्षेत्रबाट उम्मेदवार हुनपाउने हालको व्यवस्थामा जनताको असंन्तोष भएकोले दुइ क्षेत्रबाट उठ्न पाउने गरी कानूनमा सुधार गर्नु पर्ने ।

४. बृद्ध र अशक्त मतदातालाई मतदान केन्द्रसम्म जानआउन सवारी अनुमति पत्र वा अन्य उपयुक्त व्यवस्थाका विषयमा विचार गर्नुपर्ने ।

५. विद्युतीय मतदान शिक्षा प्रभावकारी रुपमा गर्न थप प्रयास गर्नुपर्ने ।

६. मतदान एकाइको प्यानेलको रङ्ग फिका भएको, आकार स्यानो भएको, कम उज्याले भएको स्थानमा निकै समस्या भोग्नु परेकोले मतदान बटनको स । निर्वाचन चिन्हलाई नै मतदान बटनको रुपमा व्यवस्था वा अन्य उपयुक्त विकल्पबारे विचार गर्ने ।

७. आचार संहिताको व्यवस्था छलफल गरी हाते पर्चा जस्ता सामग्री मात्र राख्ने कि विचार गर्नुपर्ने । विद्युतीय प्रचारमा नियन्त्रण गर्नुपर्ने । आचार संहिता लागू गर्न नसकिने प्रकृतिका प्रावधान बारे पुनविचार गर्ने ।

८. खेतिपातिको समयमा निर्वाचन गर्नु उपयुक्त नहुने ।

९. महिला कर्मचारी र महिला प्रहरीको संख्या बढाउनुपर्ने । सुदूर र मध्य पश्चिमका कतिपय ठाउँमा एक जना मात्र महिला प्रहरीको व्यवस्था गरिएकोमा महिला प्रहरीको संख्या बढाउने ।

१०. निर्वाचनमा खटिएका कर्मचारीहरुमा थप प्रशिक्षणको आवश्यकता रहेको ।

# प्रमुख तीन दलका उम्मेद्वारले २०७१ र २०७० मा प्राप्त गरेको मत

| क्र.सं | निर्वाचन क्षेत्र | निर्वाचित उम्मेदवार (२०७१ असार) | दल | प्राप्त मत | निर्वाचित उम्मेदवार (२०७० मंसिर) | दल | प्राप्त मत |
|---|---|---|---|---|---|---|---|
| १. | काठमाण्डौ-२ | श्री दिपक प्रसाद कुईकेल | नेपाली कांग्रेस | १८,००० | श्री माधव कुमार नेपाल | एमाले | २१,७४८ |
| | | श्री कृष्ण गोपाल श्रेष्ठ | एमाले | १३,४२१ | श्री प्रतिमा गौतम | नेपाली कांग्रेस | १२,४७५ |
| | | श्री लिलामणी पोखेल | एमाओवादी | ४,६०४ | श्री लिलामणी पोखेल | एमाओवादी | ७,१५४ |
| २. | चितवन-४ | श्री रामकृष्ण घिमिरे | नेपाली कांग्रेस | २०,३१८ | श्री सुशिल कोइराला | नेपाली कांग्रेस | २०,७६० |
| | | श्री दिलकुमारी रावल थापा | एमाले | १७,२७२ | श्री चित्रबहादुर श्रेष्ठ | एमाओवादी | १०,७३९ |
| | | श्री खुशीराम तामाङ | एमाओवादी | ७,८५५ | श्री दिलकुमारी रावल थापा | एमाले | १०,०६७ |
| ३. | बर्दिया-१ | श्री श्याम प्रसाद ढकाल | एमाले | १६,९९६ | श्री वामदेव गौतम | एमाले | १८,३४७ |
| | | श्री सोदे विष्ट | नेपाली कांग्रेस | ११,३३५ | श्री भवन कुमार थारु | एमाओवादी | ११,६२८ |
| | | श्री भवन कुमार थारु | एमाओवादी | ११,०३१ | श्री भुवनेश्वर चौधरी | नेपाली कांग्रेस | ८,५९८ |
| ४. | कैलाली-६ | श्री पुष्कर नाथ ओझा | नेपाली कांग्रेस | १४,७८४ | श्री शेर वहादुर देउवा | नेपाली कांग्रेस | १६,४८९ |
| | | श्री महेश्वर पाठक | एमाले | ११,९५९ | श्री महेश्वर पाठक | एमाले | ८,५६६ |
| | | श्री सुन्दरराज रेग्मी | एमाओवादी | १,७६६ | श्री लिला कुमारी भण्डारी | एमाओवादी | ४,७६५ |

# पर्यवेक्षणमा संलग्न व्यक्तिहरूको नामावली

## राष्ट्रिय पर्यवेक्षकहरु

| क्र.सं. | नाम | पेशा | ठेगाना |
|---|---|---|---|
| १ | श्री हिमालय शम्शेर राणा | अध्यक्ष, जियोक | अध्यक्ष, एनसीएफ |
| २ | श्री कोमल प्रकाश घिमिरे | वरिष्ठ अधिवक्ता, सर्वोच्च अदालत | अध्यक्ष, नेकास |
| ३ | श्री भरतबहादुर थापा | पूर्व सचिव, अध्यक्ष, सीएफपीएस | काठमाण्डौ |
| ४ | श्री उदय नेपाली श्रेष्ठ | पूर्व सचिव | कार्यकारी सदस्य, आईसीजे |
| ५ | श्री खेमराज रेग्मी | पूर्व सचिव | अध्यक्ष, नेपाल नागरिक समाज |
| ६ | श्री सुनीता रेग्मी | अधिवक्ता | कोषाध्यक्ष, आरडिएफ |
| ७ | प्राध्यापक चिरञ्जीवि खनाल | निर्देशक, एनपीआई | काठमाण्डौ |
| ८ | श्री गणेशकुमार मण्डल | समाजसेवी | मधेशी नागरिक समाज |
| ९ | श्री हस्तबहादुर गुरुङ | वरिष्ठ पत्रकार | खोज पत्रकारिता केन्द्र |
| १० | श्री बबिता बस्नेत | पत्रकार | अध्यक्ष, मिडिया एड्भोकेसी |
| ११ | श्री कृष्णमान प्रधान | कार्यकारी निर्देशक, नेपाल कानून समाज | सदस्य सचिव, जियोक |
| १२ | श्री गोविन्ददास श्रेष्ठ | विशेषज्ञ | ललितपुर |
| १३ | श्री शशीकुमार उपाध्याय | वरिष्ठ अधिवक्ता, सर्वोच्च अदालत | सदस्य, नेकास |
| १४ | श्री मिलन श्रेष्ठ | अधिवक्ता, सर्वोच्च अदालत | सदस्य, नेकास |
| १५ | श्री मन दाहाल | अधिवक्ता, सर्वोच्च अदालत | काठमाण्डौ |
| १६ | श्री तीर्थनारायण सुवेदी | कार्यकारी सदस्य, नेपाल नागरिक मञ्च | काठमाण्डौ |
| १७ | श्री शिवकुमार श्रेष्ठ | अधिवक्ता | सचिव, आरडिएफ |
| १८ | श्री सविता बराल | वरिष्ठ अधिवक्ता, सर्वोच्च अदालत | सदस्य, आईसीजे |
| १९ | श्री मन्टेश्वरी राजभण्डारी | कोषाध्यक्ष, एनपीआइ | ललितपुर |
| २० | श्री उमेश मैनाली | पूर्व सचिव, गृह मन्त्रालय | काठमाण्डौ |
| २१ | श्री बाबुराम विश्वकर्मा | वरिष्ठ पत्रकार | खोज पत्रकारिता केन्द्र |
| २२ | श्री अरुणा राणा थापा | विशेषज्ञ, महिला सवाल | काठमाण्डौ |
| २३ | श्री सुष्मा बाँस्कोटा | महिला अधिवकारकर्मि | काठमाण्डौ |
| २४ | श्री डोरप्रसाद अर्याल | कार्यकारी सदस्य, नेपाल नागरिक समाज | काठमाण्डौ |

# पर्यवेक्षणमा संलग्न व्यक्तिहरूको नामावली

## जिल्ला पर्यवेक्षकहरु

| क्र.सं. | जिल्ला | नाम | संस्था/ठेगाना |
|---|---|---|---|
| १. | चितवन | श्री सुदिप वस्ती | अधिवक्ता, वस्तीको कानूनी सेवा |
| २. | काठमाण्डौं | श्री सरस्वती श्रेष्ठ | अधिवक्ता, कार्यकारी सदस्य, नेपाल बार एशोसिएसन |
| ३. | बर्दिया | श्री ऋषिराम काफ्ले | अधिवक्ता, बर्दिया |
| ४. | कैलाली | श्री नरेन्द्र बहादुर शाह | अधिवक्ता, कानूनी सेवा सदन, धनगढी |


N
W
E
S
सुदूरपश्चिमाञ्चल विकास क्षेत्र
मध्यपश्चिमाञ्चल विकास क्षेत्र
पश्चिमाञ्चल विकास क्षेत्र
मध्यमाञ्चल विकास क्षेत्र
पूवाञ्चल विकास क्षेत्र
दार्चुला
बैतडी
बझाङ्ग
बाजुरा
हुम्ला
मुगु
डडेलधुरा
डोटी
अछाम
कालिकोट
जुम्ला
डोल्पा
कञ्चनपुर
कैलाली
दैलेख
जाजरकोट
मुस्ताङ
रूकुम
सुर्खेत
मनाङ
म्याग्दी
बर्दिया
सल्यान
रोल्पा
कास्की
लमजुङ
गोर्खा
बाग्लुङ
पर्वत
बाँके
प्यूठान
गुल्मी
स्याङ्जा
तनहुँ
दाङ
अर्घाखाँची
पाल्पा
कपिलवस्तु
रुपन्देही
नवलपरासी
चितवन
रसुवा
नुवाकोट
सिन्धुपाल्चोक
धादिङ
काठमाडौं
भक्तपुर
ललितपुर
काभ्रे
दोलखा
मकवानपुर
रामेछाप
पर्सा
बारा
रौतहट
सर्लाही
महोत्तरी
धनुषा
सिन्धुली
सोलुखुम्बु
संखुवासभा
ताप्लेजुङ
ओखलढुङ्गा
खोटाङ
भोजपुर
तेह्रथुम
पाँचथर
धनकुटा
सिराहा
उदयपुर
सप्तरी
सुनसरी
मोरङ
ईलाम
झापा
जियोक कार्यक्षेत्र

आम निर्वाचन पर्यवेक्षण समिति, नेपाल
GENERAL ELECTION OBSERVATION COMMITTEE, NEPAL (GEOC)

सचिवालय
नेपाल कानून समाज
पोस्ट बक्स नं. १३२११ बबरमहल, काठमाडौं
टेलिफोनः ४२६६७३५, फ्याक्स्ः ४२२८४९७
इमेलः nls@wlink.com.np